# निजामती सेवा (आठौं संशोधन) नियमावली, २०६७

नेपाल राजपत्रमा प्रकाशन मिति
२०६७।५।१५

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "निजामती सेवा (आठौं संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निजामती सेवा नियमावली, २०५० मा नियम ४२क.मा संशोधन** : निजामती सेवा नियमावली, २०५० (यस पछि "मूल नियमावली" भनिएको) को नियम ४२क. को उपनियम (५) मा रहेका "उपदफा (२ख.)" भन्ने शव्दहरुको सट्टा "उपदफा (२क.)" भन्ने शव्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ९५ मा संशोधन** : मूल नियमावलीको नियम ९५ को उपनियम (१) मा रहेको "कर्मचारीलाई" भन्ने शव्दको सट्टा "कर्मचारी वा निजको पति वा पत्नीलाई" भन्ने शव्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम १०१क. मा संशोधन** : मूल नियमावलीको नियम १०१क. को सट्टा देहायको नियम १०१क. राखिएको छ :-

"१०१क. **पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था** : (१) ऐनको दफा ३९ को उपदफा (३क) बमोजिम मृतक निजामती कर्मचारीको नावालक सन्ततिलाई निवृत्तभरण प्रदान गर्दा सोही दफाको उपदफा (३) बमोजिम मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाए सरहको रकम त्यस्तो नाबालिग सन्तति अठार वर्ष नपुगेसम्म प्रदान गरिनेछ ।

(२) ऐनको दफा ३९ग. को उपदफा (५) बमोजिम मृतक निजामती कर्मचारीको नावालिग सन्ततिलाई निवृत्तभरण प्रदान गर्दा सोही दफाको उपदफा (१) बमोजिम मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाए सरहको रकम अठार वर्ष नपुगेसम्म प्रदान गरिनेछ ।

(३) यस नियम बमोजिम निवृत्तभरण पाउने सन्तति एक भन्दा बढी भएमा यस नियम बमोजिम पाउने रकमबाट त्यस्ता प्रत्येक सन्ततिलाई समान हिस्सामा उपलब्ध गराइनेछ ।

(४) उपनियम (३) बमोजिम निवृत्तभरण उपलब्ध गराउँदा कुनै सन्ततिको उमेर अठार वर्ष पुगेको र कुनैको नपुगेको भएमा अठार वर्ष उमेर नपुगेका सन्ततिहरु बीच हिसाब गरी निवृत्तभरणको हिस्सा कायम गरिनेछ। ”

५. **मूल नियमावलीको नियम ११६क. मा संशोधन** : मूल नियमावलीको नियम ११६क. को उपनियम (१) को,-

(१) खण्ड (ख) मा रहेका “पाँच जनालाई” भन्ने शव्दहरुको सट्टा “दश जनालाई” भन्ने शव्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) मा रहेका “पन्ध्र जनालाई” भन्ने शव्दहरुको सट्टा “तीस जनालाई” भन्ने शव्दहरु राखिएका छन् ।

६. **मूल नियमावलीको नियम १२३ मा संशोधन** : मूल नियमावलीको नियम १२३ को उपनियम (१) को खण्ड (ख) मा रहेको “अस्थायी” भन्ने शव्दको सट्टा “स्थायी” भन्ने शव्द राखिएको छ।

नेपाल कानून आयोग